प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

फोन:०५७-५२४८३५
०५७-५२४८३६
फ्याक्सः ०५७-५२४८३६
इमेलः p3mosd@gmail.com

प.सं. :
च.नं. :

मितिः

## परीक्षा दस्तुर फिर्ता सम्बन्धी सूचना

प्रकाशित मितिः २०७८/०४/०२

सामाजिक विकास मन्त्रालय बागमती प्रदेश र मातहतमा रहेका अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य सेवा तर्फका प्राविधिक पदहरूमा चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि २०७६ बमोजिम विभिन्न पदहरुमा सेवा करारमा लिनका लागि मिति २०७६/१२/२८ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार विज्ञापन नं. १५/२०७६-७७ देखि ३६/२०७६-७७ सम्मका विज्ञापनहरुको पदमा पदपूर्तिका लागि लिखित तथा मौखिक परीक्षा मार्फत छनौट गर्नुपर्नेमा कोभिड-१९ संक्रमणको महामारी साथै प्रदेश लोक सेवा आयोगले २०७७ मंसिर देखि रिक्त पदहरुमा पदपूर्ति गर्न कार्ययोजना समेत प्रकाशित गरिसकेको कारणले परीक्षा सञ्चालन गर्ने बाँकि रहेका उल्लिखित विज्ञापन नं. का पदहरुको छनौट प्रकृया यस मन्त्रालयको मिति २०७७/०६/२९ को निर्णयानुसार रद्द गरिएको व्यहोरा विदितै छ। रद्द गरिएको पदहरुको लागि आवेदन दिएका आवेदकहरुको परीक्षा दस्तुर (राजश्व) सम्बन्धित आवेदकलाई फिर्ता गर्ने यस मन्त्रालयको मिति २०७८।०३।१७ गतेको निर्णयानुसार रद्द गरिएको पदहरुको लागि आवेदन दिएका आवेदकहरुले परीक्षा दस्तुर बापतको रकम प्राप्त गर्न देहाय बमोजिमका कागजात सहित सामाजिम विकास मन्त्रालय हेटौंडामा सम्पर्क गर्न हुन वा email id: **mosd@bagamati.gov.np** मा स्क्यान गरि मिति २०७८ श्रावण मसान्त भित्र पठाउन हुन जानकारी गराईन्छ। साथै रद्द गरिएका पदहरुको नामावली यस मन्त्रालयको वेबसाईट http://mosd.bagamati.gov.np मा हेर्न सकिनेछ।

<u>देहायः</u>-

निवेदन दिने तरिका

१. सामाजिक विकास मन्त्रालयलाई परीक्षा दस्तुर फिर्ताका लागि गरिएको निवेदन।
२. सम्बन्धित परिक्षार्थीको नागरिकताको प्रतिलिपि ।
३. परिक्षार्थीले राष्ट्रिय वाणिज्य वैक लि. को खाता नं. १०००२०००१०००० राजश्व शीर्षक नं. १४२२४ मा सामाजिक विकास मन्त्रालय बागमती प्रदेशको code no. ३५०००३२०१३ मा जम्मा हुने गरी तोकिएको स्तरको दस्तुर तिरेको बैक भौचरको प्रतिलिपि।
४. Online फारम भर्दा उपलब्ध भएको प्रवेश पत्र।
५. बैंक खाता नम्बर र आवेदकको नाम र खाता नम्बर स्पष्ट बुझिने गरी Scan गरिएको Check को कपि ।

**थप जानकारीको लागि : ०५७-५२४८३६; ०५७-५२३८५७; ०५७-५२३१७९ email: mosd@bagamati.gov.np**

प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## सेवा करार लिने सम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मिति: २०७६।१२।२८

सामाजिक विकास मन्त्रालय बागमती प्रदेश र मातहतमा रहेका अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा देहाय बमोजिमका स्वास्थ्य सेवा तर्फका प्राविधिक पदहरूमा चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७६ बमोजिम देहायका पदहरूमा सेवा करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र यस मन्त्रालयको mosd.p3.gov.np मार्फत online form मा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र. सं. | विज्ञापन नं. | नाम/ पद | तह | सेवा | समूह | माग पद संख्या |
|---|---|---|---|---|---|---|
| १. | १/२०७६-७७ | कन्सल्टेन्ट अब्स्ट्रेसियन एण्ड गाइनोकोलोजिस्ट | ९ | स्वास्थ्य | अब्स/गाइनो | ३ |
| २. | २/२०७६-७७ | कन्सल्टेन्ट अर्थोपेडिक सर्जन | ९ | स्वास्थ्य | सर्जरी | ३ |
| ३. | ३/२०७६-७७ | कन्सल्टेन्ट एनेस्थोसियोलोजिस्ट | ९ | स्वास्थ्य | एनेस्थेसियोलोजी | ५ |
| ४. | ४/२०७६-७७ | कन्सल्टेन्ट जनरल फिजिसियन | ९ | स्वास्थ्य | मेडिसिन | ४ |
| ५. | ५/२०७६-७७ | कन्सल्टेन्ट डर्माटोलोजिष्ट | ९ | स्वास्थ्य | डर्माटोलोजी, लेप्रोलोजि र भेनरल डिजिजेज | १ |
| ६. | ६/२०७६-७७ | कन्सल्टेन्ट पिडीयाट्रिसियन | ९ | स्वास्थ्य | पेडियाट्रिक्स | ४ |
| ७. | ७/२०७६-७७ | कन्सल्टेन्ट प्याथोलोजिष्ट | ९ | स्वास्थ्य | प्याथोलोजी | २ |
| ८. | ८/२०७६-७७ | कन्सल्टेन्ट माईक्रोबायोलोजिष्ट | ९ | स्वास्थ्य | प्याथोलोजी | १ |
| ९. | ९/२०७६-७७ | कन्सल्टेन्ट रेडियोलोजिष्ट | ९ | स्वास्थ्य | रेडियोलोजी | ५ |
| १०. | १०/२०७६-७७ | कन्सल्टेन्ट सर्जन | ९ | स्वास्थ्य | सर्जरी | ५ |
| ११. | ११/२०७६-७७ | कन्सल्टेन्ट साइक्याट्रिक | ९ | स्वास्थ्य | साइक्याट्रि | ५ |
| १२. | १२/२०७६-७७ | जनस्वास्थ्य प्रशासक | ९ | स्वास्थ्य | हेल्थ इन्स्पेक्सन | २ |
| १३. | १३/२०७६-७७ | स्वास्थ्य शिक्षा प्रशासक | ९ | स्वास्थ्य | हे.ए. | २ |
| १४. | १४/२०७६-७७ | अस्पताल नर्सिङ प्रशासक | ९ | स्वास्थ्य | जनरल नर्सिङ | १ |
| १५. | १५/२०७६-७७ | मेडिकल अधिकृत | ८ | स्वास्थ्य | ज.हे.स. | १७ |
| १६. | १६/२०७६-७७ | डेन्टल सर्जन | ८ | स्वास्थ्य | डेन्टिष्ट्रि | २ |
| १७. | १७/२०७६-७७ | आयुर्वेद चिकित्सक | ८ | स्वास्थ्य | आयुर्वेद | ३ |
| १८. | १८/२०७६-७७ | नर्सिङ अधिकृत | ७ | स्वास्थ्य | जनरल नर्सिङ | २ |
| १९. | १९/२०७६-७७ | फिजियोथेरापिष्ट | ७ | स्वास्थ्य | फिजियोथेरापी | २ |
| २०. | २०/२०७६-७७ | मेडिकल ल्याब टेक्नोलोजिष्ट | ७ | स्वास्थ्य | मेडिकल ल्याब टेक्नेलोजी | ६ |
| २१. | २१/२०७६-७७ | क.नर्सिङ अधिकृत | ७ | स्वास्थ्य | क.न. | ३ |
| २२. | २२/२०७६-७७ | जनस्वास्थ्य अधिकृत | ७ | स्वास्थ्य | हेल्थ इन्स्पेक्सन | १० |
| २३. | २३/२०७६-७७ | फार्मेसी अधिकृत | ७ | स्वास्थ्य | फार्मेसी | २ |
| २४. | २४/२०७६-७७ | वायोमेडिकल इन्जिनियर | ७ | स्वास्थ्य | विविध | १ |
| २५. | २५/२०७६-७७ | डेन्टल हाइजिनिष्ट | ५ | स्वास्थ्य | डेन्टिष्ट्री | १ |
| २६. | २६/२०७६-७७ | एनेस्थेटिक सहायक | ५ | स्वास्थ्य | विविध | २ |
| २७. | २७/२०७६-७७ | फार्मेसी सहायक | ५ | स्वास्थ्य | फार्मेसी | ४ |
| २८. | २८/२०७६-७७ | बायोमेडिकल टेक्निसियन | ५ | स्वास्थ्य | विविध | २ |
| २९. | २९/२०७६-७७ | मेडिकल रेकर्डर सुपरभाइजर | ५ | स्वास्थ्य | मेडिकल रेकर्डस | १ |
| ३०. | ३०/२०७६-७७ | स. डाइटिसियन | ५ | स्वास्थ्य | विविध | १ |
| ३१. | ३१/२०७६-७७ | स्टाफ नर्स | ५ | स्वास्थ्य | जनरल नर्सिङ | १६ |
| ३२. | ३२/२०७६-७७ | हेल्थ असिष्टेन्ट | ५ | स्वास्थ्य | हे.इ. | ११ |
| ३३. | ३३/२०७६-७७ | ल्याब टेक्निसियन | ५ | स्वास्थ्य | मेडिकल ल्याब टेक्नोलोजी | ७ |
| ३४. | ३४/२०७६-७७ | अ.न.मी. | ४ | स्वास्थ्य | क.न./प.हे.न. | १६ |
| ३५. | ३५/२०७६-७७ | अ.हे.व. | ४ | स्वास्थ्य | हेल्थ इन्स्पेक्सन | ८ |
| ३६. | ३६/२०७६-७७ | ल्याब असिस्टेन्ट | ४ | स्वास्थ्य | मेडिकल ल्याब टेक्नोलोजी | ६ |
| | | जम्मा | | | | १६६ |

### १. योग्यता

**क) नेपाली नागरिक हुनुपर्ने।**

**ख) न्यूनतम योग्यता:**

- माथि उल्लेखित पदहरूका उम्मेदवारहरूको नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्था वा विश्व विद्यायलयबाट सम्बन्धित विषयमा नेपाल स्वास्थ्य सेवा नियमावली २०५५ को अनुसूचि ६ बमोजिम सम्बन्धित समूह तथा उपसमूहमा रहने पदहरूको लागि तोकिएको योग्यता पूरा गरेको।
- विदेशी शिक्षण संस्थाको हकमा समकक्षता प्रमाणपत्र समेत पेस भएको।
- प्रचलित कानून बमोजिम स्थापना भएको स्वास्थ्य सम्बन्धी व्यावसायिक परिषद्मा नाम दर्ता र नवीकरण भएको।
- प्रचलित कानून बमोजिम अयोग्य नभएको।
- भविष्यमा सरकारी सेवामा अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको।

**ग) उमेर हद:**

- सहायक तहको पदमा १८ वर्ष उमेर पूरा भई ४५ वर्ष उमेर ननाघेको।
- अधिकृत तहको पदमा २१ वर्ष उमेर पूरा भई ४५ वर्ष उमेर ननाघेको।

### २. दरखास्त दस्तुर :

- अधिकृतस्तरको हकमा रू.१,०००।– एक हजार मात्र।
- सहायकस्तरको हकमा रू.६००।– छ सय मात्र।

### ३. दरखास्त दिने तरिका :

- यस मन्त्रालयको वेबसाइट mosd.p3.gov.np मा log in गरी जाने र Online application बटनमा click गरी दिईएको निर्देशन अनुसार भर्ने।
- राष्ट्रिय वाणिज्य बैंक लि. को खाता नं. १०००२०००१०००० मा राजश्व शीर्षक न. १४२२४ मा सामाजिक विकास मन्त्रालय बागमती प्रदेशको code no. ३५०००३२०१३ मा जम्मा हुने गरी तोकिएको स्तरको दस्तुर बुझाउने र दस्तुर तिरेको भौचरको scan गरी PDF upload गर्नुपर्ने।
- आवेदकको नागरिकताको प्रमाणपत्र PDF Scan गरी upload गर्ने।
- न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र Scan गरी pdf बनाई upload गर्ने।
- सम्बन्धित काउन्सिलको दर्ताको प्रमाणपत्रको प्रतिलिपिको PDF Scan गरी upload गर्ने।

### ४. छनोट गर्ने तरिका

- नवौं तहका लागि मौखिक परीक्षा।
- अन्य पदहरूको हकमा लिखित र मौखिक परीक्षा।

### ५. परीक्षाको मिति

दरखास्त बुझाउने अन्तिम मितिको भोलिपल्ट सूचना मार्फत तोकिने छ।

**६. छनोट भएका उम्मेदवारहरूको पदस्थापना योग्यता क्रमको आधारमा हुने छ।**

**७. आवेदनको अन्तिम म्यादसम्म माग पद सङ्ख्यामा केही थपघट हुन सक्ने छ।**

**८. थप जानकारीका लागि : ०५७-५२४८३५; ०५७-५२४८३६; ०५७-५२५७२८; p3mosd@gmail.com**